लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः३ मितिः२०८२/०१/०७

भाग-२

लेटाङ नगरपालिका

## दुग्ध उत्पादक कृषकहरूलाई विक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१

# दुग्ध उत्पादक कृषकहरूलाई विक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१२।२६

प्रमाणीकरण मितिः २०८१।१२।२८

**प्रस्तावनाः**

लेटाङ नगरपालिका अधिकांश जनसङ्ख्या पुख्यौंली र परम्परागत कृषि तथा पशुपंक्षी पालन पेशामा संलग्न रहेको, पशुपंक्षी पालन तथा दुध उत्पादनको राम्रो सम्भावना भएतापनि आधुनिकिकरण तथा व्यावसायीकरणको कमीले यस क्षेत्रबाट प्रतिव्यक्ति आयमा अपेक्षाकृत योगदान हुन सकिरहेको छैन जसले गर्दा व्यवसायीकरणको कमी रहेको छ अतः दुग्ध कृषकहरूलाई व्यावसायिक एवम् प्रतिस्पर्धी बनाई प्रोत्साहन गर्नुका साथै आयआर्जन वृद्धि गरी जीवनस्तर सुधारमा सहयोग गर्न एवम् नगरको अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट लेटाङ नगरपालिकाको **दुग्ध उत्पादक कृषकहरूलाई विक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१** स्वीकृत गरेको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "**दुग्ध उत्पादक कृषकहरूलाई विक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८१**" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

(३) यो कार्यविधि लेटाङ नगरपालिकाभर लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"अनुदान"** भन्नाले यो कार्यविधि अनुसार दुध उत्पादक किसानले उत्पादन गरी विक्री गरेवापत दुध किसानलई दिइने नगद वा वस्तुगत अनुदान सम्झनु पर्दछ।

ख) **"उत्पादन"** भन्नाले स्थानीय स्तरमा कृषकले गाई भैसीबाट उत्पादन हुने अप्रोसोधित दुधलाई जनाउनेछ। यसबाट उत्पादन हुने दुग्धजन्य पदार्थलाई समेत सम्झनुपर्दछ।

ग) **"उपप्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

घ) **"कार्यविधि"** भन्नाले दुग्ध उत्पादक कृषकहरूलाई विक्रिमा आधारित अनुदान सम्बन्धी कार्यविधि,२०८१ सम्झनु पर्दछ।

ङ) **"दुग्धजन्य पदार्थ"** भन्नाले अप्रशोधित, प्रशोधित र अर्धप्रशोधित दुध र सोबाट बनेका परिकार सम्झनु पर्दछ।

च) **"नगरपालिका"** भन्नाले लेटाङ नगरपालिकालाई सम्झनु पर्दछ ।

छ) **"नगर प्रमुख"** भन्नाले लेटाङ नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लेटाङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

झ) **"लाभग्राही"** भन्नाले कार्यविधिमा तोकेको योग्यता पुगेको कृषकलाई सम्झनुपर्दछ।

ञ) **" वडा"** भन्नाले लेटाङ नगरपालिकाका सबै वडालाई सम्झनुपर्दछ।

ट) **"शाखा"** भन्नाले पशुपंछी विकासको काम गर्न तोकिएको शाखा सम्झनु पर्दछ।

ठ) **"समिति"** भन्नाले नगरपालिका स्तरीय दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति समितिलाई सम्झनुपर्दछ।

ड) **"सहकारी"** भन्नाले लेटाङ नगरपालिका भित्र नियमानुसार दर्ता भएका वा दुधको कारोवार गर्न अनुमति प्राप्त संस्था वा कृषि सहकारी वा सहकारीलाई सम्झनुपर्दछ।

३. **उद्देश्यः** (१)यस कार्यविधिको उद्देश्य देहाय बमोजिमको रहेको छ।

क) दुध उत्पादनलाई व्यावसायीकरणतर्फ विकास गरी कृषकहरुको आय बृद्धि गर्नु,

ख) दुध उत्पादनमा आबद्ध कृषकहरुको लगानीबाट मुनाफाको सुनिश्चितता प्रदान गर्नु,

ग) पशुपन्छी पालन व्यवसायलाई दिगो रुपमा स्थापित गरि आय र रोजगारी सिर्जना गर्नु,

घ) साना कृषकहरुलाई सहकारीमा आबद्ध गराई उत्पादित दुधलाई संगठित बजारमा बिक्री गर्नु।

## परिच्छेद – २
## अनुदानको व्यवस्था

४. **अनुदानको व्यवस्थाः** (१) दुध उत्पादन नियमित गर्ने र विक्रि वितरण समेत गरेको दुध कृषकका लागि बार्षिक बजेटमा व्यवस्था भएको सीमा भित्र रही कार्यविधि अनुसार छनौट भएका कृषकलाई अनुदानको व्यवस्था गरिनेछ।

(२) दुग्ध जन्य पदार्थहरू उत्पादन गरेमा त्यस्ता उत्पादन गरी प्रचलित मूल्यमा विक्री भएको आधारमा कार्यविधि अनुसार अनुदानको व्यवस्था गरिनेछ।

५. **अनुदान दिने सम्बन्धी प्रकृया गराउने प्रकृयाः** (१) दुध उत्पादन गर्ने कृषकहरूका लागि कार्यविधि अनुसार दुध उत्पादनमा आधारित अनुदान दिन यस दफा अनुसारको प्रकृया पूरा गर्नुपर्नेछ।

(२) नगरपालिकाले अनुदानको लागि स्वीकृत बजेटको आधारमा सम्पूर्ण विवरण खोली सार्वजिनिक सूचना गर्नुपर्ने छ।

(३) कृषकले तोकिएको यस खण्डको विवरण र कागजात सहित निवेदन पेश गर्नु पर्नेछ।

क) अनुसूची १ बमोजिम निवेदन

ख) कृषकको हकमा नागरिकता, स्थायी लेखा नम्बर र कृषि समूह वा सहकारी भए दर्ता प्रमाणपत्र, संस्थागत स्थायी लेखा नम्बर, नवीकरण,

ग) बार्षिक उत्पादन को प्रतिवेदन र उत्पादन तथा विक्रीको आगामी प्रस्तावित कार्ययोजना,

घ) दुध विक्री गर्ने कृषि सहकारी संस्था वा समूहमा आबद्ध भएको आबद्ध समूह वा सहकारीको आवद्धता खुल्ने प्रमाण,

ङ) सम्बन्धित वडाको सिफारिस,

च) अनुसुची २ बमोजिमको ढाँचामा विवरण,

छ) निवेदन नगरपालिकाको पशु विकास शाखामा पेश गर्नुपर्नेछ।

६. **अनुदान प्राप्त गर्ने दुध उत्पादकको आवश्यक न्यूनतम योग्यताः** (१) अनुदानका लागि दुध किसानमा निम्नानुसार आधारहरू पूरा भएमा अनुदानको लागि योग्यता भएको मानिनेछ।

क) पशु पालन गरी दुध उत्पादन गर्ने कृषक

ख) व्यक्तिगत स्थायी पान नम्बर लिएको कृषक

ग) नगरपालिकाको नागरिक नगरभित्रको पशुपालक कृषक वा दर्ता भएको कृषि फर्म, समूह, सहकारीमा आबद्व भएको कृषक

घ) उत्पादनमा आधारित अनुदानमा सहभागी हुन कार्य योजना तयार गरी सम्बन्धित वडाको सिफारिस सहित निवेदन पेश गर्ने कृषक,

ङ) दर्तावाला दुध विक्री गर्ने सहकारीमा नियमित दुधको उत्पादन गरी विक्री तथा वितरण एवम् रकम भुक्तानीका लागि दर्ता भएको कृषक,

च) नगरपालिकाबाट गरिने निरीक्षण अनुगमनको समयमा फर्म वा समूह वा सहकारीमा रहेको विवरण सही भएको कृषक,

छ) दुध सहकारीमा नियमित रूपमा दुध उत्पादन र वितरण गरी आय आर्जन गर्ने कृषक,

७. **दुध उत्पादनको अनुदानः** (१) यस कार्यविधि अनुसार लेटाङ नगरपालिकाको दुध उत्पादन गर्ने कृषकलाई दुध उत्पादन गरी संस्थागत रूपमा विक्रि गरेमा यस दफा अनुसार अनुदान उपलव्ध गराइनेछ।

लेटाङ नगरपालिका, मोरङ

क) अनुदान दुध विक्री गर्ने प्रयोजनकालागि दर्ताभएको प्यान नं सहितको दुध फर्म वा समूह वा सहकारीको अभिलेखको आधारमा प्रदान गरिनेछ।

ख) अनुदानको लागि अनुदानको समय र अवधी समितिले तोक्न सक्नेछ।

ग) गाई र भैंसीको दुध उत्पादन गरी विक्री गरेको अभिलेखको आधारमा प्रति लिटर रू ०.५० ( रू सुन्य दशलव पाँच सुन्य) का दरले विक्रिमा आधारित अनुदान नगरपालिकाबाट दिइनेछ।

घ) अन्य दुग्ध जन्य पदार्थहरू उत्पादन गरी विक्री गरेको अभिलेखको आधारमा दुधको लागि तोकिएको अनुदानमा समितिले तोकेको रकम थप गरी विक्रिमा आधारित अनुदान नगरपालिकाबाट दिइनेछ।

ङ) प्रमाणित अभिलेख र समितिको निर्णय अनुसार अनुदान रकम कृषकको खातामा दिइनेछ।

च) झुट्टा बिबरण राखी वा पेश गरी वा अन्य कारणले दर्ता खारेजी वा कारवाहीमा परेका व्यक्ति, फर्म वा समूह वा सहकारीलाई यस कार्यविधि अनुसार अनुदानको कुनै पनि कारोबार गर्न योग्य मानिने छैन र अनुदान दिइने छैन।

छ) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि बजेटको व्यवस्था नभएमा वा उत्पादन र कृषकको माग बढी तथा अनुदानको लागि छुट्याइएको रकम कमी भई घाट बजेट देखिएमा समितिले दामासाहीले रकम निर्धारण गर्न सक्नेछ।

८. **कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको व्यवस्थाः** (१) अनुदान कार्यक्रम संचालन गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछ।

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

लेटाङ नगरपालिका, मोरङ

घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ङ) आर्थिक विकास समितिका संयोजक - सदस्य

च) कृषि विकास शाखा प्रमुख - सदस्य

छ) पशु पंछी विकास शाखा प्रमुख - सदस्य-सचिव

(२) समितिले आवश्यकता महसुस गरेमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ। समितिका सदस्यहरू र विज्ञले वैठकमा सहभागी भएवापत नियमानुसार बैठक भत्ता पाउनेछन्।

९. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) बार्षिक बजेट व्यवस्था गर्न सिफारिस गर्ने

ख) अनुदानको आधारहरू खोली सूचना प्रकाशन गर्ने,

ग) शाखाले पेश गरेको दुध किसानको निवेदन तथा प्रस्ताव थप छानवीन तथा मूल्याङ्कन गर्ने,

घ) पेश भएको निवेदनहरू उपर छलफल गरी प्रमाण र औचित्यको आधारमा अनुदान पाउने कृषक छनौट गर्ने,

ङ) अनुदानको लागि दुधको परिणामको कोटा र रकम यकीन गर्ने,

च) पेश भएको दुध विक्रि प्रक्रियाको अनुगमन, अभिलेख अध्ययन र मूल्याङ्कन गर्ने,

छ) कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने,

ज) आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी स्थलगत प्रमाणीकरण प्रतिवेदन लिइ अनुदानको लागि छनोट गर्ने,

झ) अनुदानको लागि दुध विक्रिको प्रमाणित गर्ने संस्थारूको लेखा परीक्षण प्रतिवेदन मगाई अध्ययन र अभिलेख गर्ने,

ञ) कार्यविधि संशोधन आवश्यक भए संशोधनका लागि कार्यपालिकामा सिफारिस गर्ने।

१०. **सूचना आह्वान सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेटको आधारमा समितिले तोकिएको ढाँचामा निवेदन दिने स्थान र आवश्यक कागजातहरू खोली कृषकहरूकालागि १५ (पन्ध्र) दिने सूचना प्रकाशन गर्ने।

(२) सूचना अनुसार पेश हुने आवेदन शाखामा सङ्कलन गरी छानवीन गर्ने।

(३) शाखाले आवश्यक आधार पुगेका निवेदनहरूको फयल समितिमा पेश गर्ने।

११. **अनुदान रकम निकासा:** (१) समितिले तोकेको सीमाअनुसार रकम दुध किसानको खातामा उत्पादनमा आधारित अनुदानबापत उपलब्ध गराउने

(२) अनुदान निकासा मासिक, त्रैमसिक, अर्धवार्षिक वा बार्षिक कुनै एक अवधीमा समितिले तोकेको अवधिमा निकासा गरिनेछ।

## परिच्छेद -३
## अनुगमन मूल्याङ्कन

**१२. कार्यक्रमको अनुगमन मूल्याङ्कन सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले कार्यक्रम सञ्चालन गर्दा शाखामार्फत, आर्थिक विकास समिति र समितिमार्फत अनुगमन गरी प्रतिवेदनका आधारमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) कृषकको गोठ र दुध विक्री गर्ने स्थानको स्थलगत अनुगमन गर्नुपर्नेछ।

(३) अभिलेखहरू अध्यान र अनुगमन गर्न सम्बन्धित संस्थाले सहजीकरण गर्नुपर्नेछ।

(४) नगरपालिकाले तथ्याङ्क र अनुगमनको लागि संस्थाहरूसँग समन्वय गर्नुपर्नेछ।

(५) कृषकको दुधको कारोबार प्रमाणित गर्ने दर्तावाला सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदनको फोटोकपी माग गरी अध्ययन गर्ने।

## परिच्छेद - ४

## विविध

१३. **दण्ड जरिवाना र सजाय सम्बन्धी व्यवस्थाः** (१) कार्यविधि अनुसार पाउने अनुदान झुटा विवरण दिएर वा तथ्या वङ्ग्याई लिएमा नगर कार्यापालिकाले निर्णय गरी जुनसुकै समयमा सरकारी बाँकी सरह असुल गरी नगरको राजश्व खातामा जम्मा गर्नु पर्नेछ। थप सजाय प्रचलित कानुन अनुसार हुनेछ।

१४. **बाधा अड्काउ फुकाउनेः** (१) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

१५. **परिमार्जन तथा संशोधनः** (१) कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

१६. **खारेजी तथा बचाउः** (१) यो कार्यविधि संघ प्रदेश कानुनसँग बाझिएमा त्यसरी बाँझिएको हद सम्म उल्लित कानुनमा तोकिए अनुसार हुनेछ।

लेटाङ नगरपालिका, मोरङ

## अनुसूची - १

## अनुदान माग गर्न पेश गर्ने निवेदन

मितिः .....................

बिषयः दुधको उत्पादन विक्रिमा आधारित अनुदान माग गरेको सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

लेटाङ नगरपालिका,मोरङ।

प्रस्तुत बिषयमा नगरपालिकाको मिति ............ को सूचना अनुसार दुधको उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिलमा उल्लेखित अनुसारको विवरण खुलाई सूचनामा खुलाइएको कागजात संलग्न गरी निवेदन पेश गरेको छु।

तपसिलः

| क्र.सं. | दुध वा दुग्धजन्य वस्तुको नाम | उत्पादन सँख्या | उत्पादित परिमाण | बिक्री दर (रु.) | जम्मा बिक्री रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

१. नागरिकताको फोटोकपी
२. स्थायी लेखा नं को फोटोकपी
३. आफुले गरेको उत्पादनको बिक्री र आगामी वर्षको अनुमानित विवरण।
४. समूह वा सस्था दर्ता प्रमाणपत्रको फोटोकपी।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

**निवेदक**

नाम थरः.......................
हस्ताक्षर......................
ठेगानाः.......................
मोबाईल नंः.......................

लेटाङ नगरपालिका, मोरङ

## अनुसूची - २

## उत्पादन विक्री सम्बन्धित प्रतिवेदन तथा प्रस्तावित योजना

१. कृषकको नाम

२. परिचयात्मक विवरण

३. विक्री गरेको आधिकारिक संस्थाको नामः

४. ठेगानाः ५. फोन नं:

६. व्यवसाय सुरू गरेको वा दुध विक्री गर्न सुरू भएको मितिः

७. उत्पादन हुने दुध वा दुग्धजन्य वस्तुको (मासिक र चौमासिक) विवरणः

८. लगानी भएको पूँजीः

९. दुध दिने गाइ वा भैसीको सङ्ख्याः

१०. व्यावसायिक योजना उत्पादनमाः

| क्र.सं. | चौमासिक | यस अघि उत्पादन गरेको दुधको मात्रा | यस अघिको विक्रीबाट प्राप्त रकम रू | आगामी वर्ष उत्पादन गर्ने प्रस्तावित योजनाको मात्रा | प्रस्तावित बिक्री बाट प्राप्त हुने अनुमानित रकम (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

आज्ञाले,<br>
विष्णुप्रसाद सुवेदी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
मितिः २०८१।१२।२८